राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ४३ २०८२ भदौ १६ गते सोमवार (01 May. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## नेपाल-भारत सम्बन्ध कूटनीतिकभन्दा आत्मीयताको आधारमा मजबुत : मन्त्री चौरसिया




दैनिक समाचारदाता
जनकपुरधाम, १५ भदौ । नेपाल सरकारका कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय चौरसियाले नेपाल-भारत सम्बन्धलाई राजनीतिक वा कूटनीतिक सीमाभन्दा माथिको, वैवाहिक, धार्मिक, सांस्कृतिक र सामाजिक आत्मीयतामा आधारित सम्बन्ध भएको बताएका छन्।

शनिबार बीरगञ्जमा आयोजित "इण्डो-नेपाल क्रस-बोर्डर मिडिया कन्क्लेभ"को उद्घाटन गर्दै मन्त्री चौरसियाले अंग्रेज शासनविरुद्धको आन्दोलनमा नेपाल-भारतबीचको सहकार्यको ऐतिहासिक पक्ष स्मरण गर्दै दुवै मुलुकले सुख-दुःखका घडीमा सदैव साथ दिएको बताए।

"कहिलेकाहीँ सीमा वा सुरक्षा विषयमा तनाव भए पनि त्यसलाई सकारात्मक वातावरणमार्फत सहज बनाउन पत्रकारको भूमिकाले महत्त्व राख्छ," उनले भने।

उनी अनुसार सीमासम्बन्धी समाचार सम्प्रेषण गर्दा पत्रकारहरूले सत्यतथ्यप्रति प्रतिवद्ध रहनुपर्छ, किनकि जनसाधारणमा पत्रकारितामाथि सबैभन्दा बढी विश्वास हुने गरेको छ। वातावरणीय संकटको सन्दर्भमा उनले जलवायु परिवर्तन र चुरे विनाशको असर प्रत्यक्ष रूपमा देखिन थालेको उल्लेख गर्दै दुवै मुलुकका पत्रकारले यस विषयमा पनि कलम चलाउनुपर्नेमा जोड दिए।

समापन सत्रमा खानेपानी मन्त्री प्रदीप यादवले नेपाल-भारत सम्बन्धलाई "रोजीरोटी, बेटीरोटी र बहुआयामिक सम्बन्ध" को रूपमा परिभाषित गर्दै यसलाई दिल्ली वा काठमाडौंको राजनीतिक चश्माबाट मात्रै नहेर्न आग्रह गरे। उनले दुवै मुलुकका नागरिक आफैं सीमाको सुरक्षा गर्ने स्तरमा रहेको उल्लेख गर्दै पत्रकारिताले सम्बन्धलाई अझ प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताए।

कार्यक्रममा पूर्वराजदूत विजय कान्त कर्णले नेपाल-भारत सम्बन्धलाई अद्वितीय आत्मीय सम्बन्धको उदाहरणका रूपमा प्रस्तुत गर्दै यसलाई सुदृढ बनाउन पत्रकारको जिम्मेवारी महत्वपूर्ण रहेको उल्लेख गरे। नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झाले पत्रकारितालाई "शान्ति र सहकार्यको पुल" का रूपमा उपयोग गर्नुपर्नेमा जोड दिँदै सीमासम्बन्धी विवादलाई समाधानमुखी ढंगले सम्प्रेषण गर्न आग्रह गरे।

वरिष्ठ पत्रकार हस्त गुरुङले संवेदनशील समाचार लेखनमा सतर्कता आवश्यक रहेको बताउँदै समाचारको शैलीले पनि विश्वास निर्माण गर्ने शक्ति राख्ने विचार राखे।

कार्यक्रममा दुवै देशका पत्रकारहरूले संयुक्त रिपोर्टिङको अभ्यास गर्नुपर्ने धारणा व्यक्त गर्दै, गलत वा अपुष्ट समाचारका कारण उत्पन्न हुने संवेदनशीलतालाई कम गर्न सूचना संयन्त्रको विकास आवश्यक रहेको सुझाव दिए।

मिडिया फोर-बोर्डर हार्मोनीका अध्यक्ष अनिल तिवारीको अध्यक्षता र रितेश त्रिपाठीको सञ्चालनमा सम्पन्न कार्यक्रममा अन्त्यमा १७ बुँदे "बीरगञ्ज घोषणापत्र" जारी गरिएको छ। उक्त घोषणाले नेपाल-भारतबीच पत्रकारितामार्फत सहकार्यलाई संरचनागत र परिणाममुखी बनाउन मार्गनिर्देशन गर्ने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

## राज्यले मधेसी जनतालाई न्याय गर्न सकेको छैन : अध्यक्ष उपेन्द्र यादव



दैनिक समाचारदाता
सप्तरी, १५ भदौ । पूर्व उपप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेसी जनतालाई राज्यले न्याय गर्न नसकेको टिप्पणी गर्नुभएको छ । जसपा नेपालले राजविराजमा आइतबार आयोजना गरेको राजविराज नगर समितिको नवनिर्वाचित पदधिकारी तथा कार्यसमितको शपथ ग्रहण तथा पदस्थापन कार्यक्रममा उहाँले त्यस्तो टिप्पणी गर्नुभयो ।

उहाँले मधेसी जनताको विकास, प्रतिनिधित्व र पहिचानका लागि राज्यले उपेक्षा गर्दैआएको बताउनुभयो । उहाँले भन्नुभयो, "मधेस आन्दोलनपछि महिला, गरिब, मुस्लिम, थारू पहाडका आदिवासी जनजातिका लागि कोटा छुट्याए पनि जनसंख्याको आधारमा मधेस र मधेसीले अधिकार पाउन सकेको छैन् ।"

लोकतन्त्रमा जनसंख्याको आधारमा प्रतिनिधित्व हुनुपर्ने भए पनि मधेसीले जनसंख्याको आधारमा कर्मचारी, संसदलगायत कुनै क्षेत्रमा प्रतिनिधित्व गर्न नसकेको बताउनुभयो ।

निर्णायक भूमिकामा मधेसीहरू नपुगेसम्म मधेसको चौतर्फी विकास सम्भव नहुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालको विकासको लागि संसारका धेरै देशबाट सहयोग निरन्तर आए पनि हाम्रो देशको विकास हुन सकेको छैन् ।"

जसपा सप्तरीको जिल्ला अध्यक्ष केदार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा जसपा केन्द्रीय तथा मधेश प्रदेशसभा सदस्य किरण साह, मधेस प्रदेशका पूर्व उपसभामुख उपमा देव, शैलेन्द्र मोहन झा, डा. बबीसिंह यादव, रमिला साह लगायतले धारणा राख्नुभएको थियो ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२

## प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्रीबीच अनौपचारिक भेट

चीन, १५ भदौ । प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच अनौपचारिक भे भएको छ ।

चीनका राष्ट्रपति सी चिनफिङ र उहाँकी धर्मपत्नी पेङ लियुआनद्वारा शाङ्घाई सहयोग सङ्गठन (एससिओ) प्लस को शिखर सम्मेलनमा सहभागी मुलुकका लागि आयोजित स्वागत समारोहमा उहाँहरूबीच अनौपचारिक कुराकानी भएको हो ।


चीनको थियानजिन मेइजियान सम्मेलन केन्द्रमा आयोजित सांस्कृतिक प्रस्तुतिसहितको रात्रिभोजमा प्रधानमन्त्री ओलीसँग भएको अनौपचारिक भेटको तस्बिर समकक्षी मोदीले आफ्नो सामाजिक सञ्जाल एक्समा सार्वजनिक गर्नुभएको छ । उहाँले थियानजिनमा नेपालका प्रधानमन्त्री ओलीलाई भेट्न पाउँदा



खुसी लागेको बताउनुभएको छ ।

नेपालसँग भारतको सम्बन्ध निकै गहिरो र विशेष भएको पनि भारतीय प्रधानमन्त्री मोदीले एक्समा उल्लेख गर्नुभएको छ ।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# महोत्तरीमा लागुऔषधको बढ्दो संकट र सामूहिक उत्तरदायित्व

सीमावर्ती जिल्लाको रूपमा महोत्तरीले पछिल्ला वर्षहरूमा नकारात्मक रूपमै चर्चा पाइरहेको छ। भारतीय सीमाक्षेत्र हुँदै जिल्लामा प्रवेश गर्ने लागुऔषधले यहाँको सामाजिक, आर्थिक र शैक्षिक संरचनामा गम्भीर असर पुऱ्याइरहेको छ। चरेस, खैरो हिरोइन, अफिम, फेनागन, नाइट्रोभेट, रैक्सोजैसिक जस्ता पदार्थका सेवन र कारोबारमा संलग्न व्यक्तिहरूको संख्या दिनप्रतिदिन बढ्दो छ। पछिल्ला तीन वर्षमा प्रहरीले दर्जनौं मुद्दा दर्ता गर्दै सयौं व्यक्तिलाई पक्राउ गरिसकेको तथ्याङ्कले यस समस्याको गम्भीरता झल्काउँछ।

केवल कानुनी कारबाहीमा भरोसा गर्न सकिन्न। महोत्तरी प्रहरीले लाखौं रुपैयाँ मूल्य बराबरको लागुऔषध बरामद गर्दै विभिन्न सवारीसाधनसमेत नियन्त्रणमा लिएको छ। प्रहरी एकातिर कानुनी कदम चालिरहे पनि समस्या रोक्न पर्याप्त छैन। जागरुकता र सचेतनाको अभावले अपराधी र प्रयोगकर्ताको सञ्जाल बलियो हुँदै गएको छ।

समाधानका उपायहरू केवल प्रहरी प्रयासमा निर्भर हुन सक्दैनन्। विद्यालय तहदेखि नै विद्यार्थीहरूलाई लागुऔषधविरुद्ध सचेत बनाउने पाठ्यक्रम अनिवार्य गर्नु, अभिभावक र समाजलाई सक्रिय सहभागी बनाउनु, तथा स्वास्थ्य केन्द्र र पुनःस्थापना कार्यक्रमहरूलाई प्रवर्द्धन गर्नु आवश्यक छ। बर्दीबास-३ मा सञ्चालित लागुऔषध, मादक पदार्थ तथा मानसिक स्वास्थ्य केन्द्रले जस्तै उपचार र पुनःस्थापना सेवामा ध्यान दिनु, समस्या न्यूनीकरणमा महत्वपूर्ण योगदान दिन सक्छ।

समाजका सबै तह–अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी, प्रहरी र स्थानीय प्रशासन–ले संयुक्त प्रयास गर्दा मात्र महोत्तरीमा लागुऔषधको बढ्दो महामारी नियन्त्रणमा ल्याउन सकिन्छ। कानुनी कारबाही, सचेतनामूलक अभियान, र बालबालिकालाई सुरुदेखि शिक्षित गर्ने पहलसहितको समग्र रणनीतिले मात्रै दीर्घकालीन समाधान सम्भव छ।

महोत्तरीको युवा शक्ति र भविष्य सुरक्षित राख्न, सम्पूर्ण समुदायको सक्रिय जिम्मेवारी आवश्यक छ। यसलाई बेवास्ता गर्दा न केवल व्यक्तिगत जीवन, तर समाजको शान्ति, सुरक्षा र विकास नै जोखिममा पर्छ। अबको कदम सामूहिक र संयोजित हुनु अपरिहार्य छ।

# सामाजिक एकताको पर्व गौरा



लोकराज अवस्थी

पूर्व-पश्चिम, हिमाल, पहाड तराई सबैका आ-आफ्ना तर फरकफरक चालचलन तथा संस्कृतिहरू छन्, जसले आ-आफ्नो समाजलाई एकताको सूत्रमा बाँधेको छ। आपसमा सद्भाव कायम गरेको छ, जुन नेपालीको पहिचान बनेको छ। यहाँ कुरा गर्न खोजिएको प्रसङ्ग हो, सुदूरपश्चिममा मनाइने गौरा पर्वको। देशका अन्य भू-भागजस्तै सुदूरपश्चिम क्षेत्रको पनि आफ्नै अलग्गै कला, भाषा, तथा संस्कृति रहेको छ, जुन आफैँमा महत्वको विषय बनेको छ। गौरा दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, डोटी, बझाङ, अछाम र कैलाली तथा मध्यपहाडी जिल्लाहरूमा हर्षोल्लासमय तरिकाले मनाइन्छ। हिन्दु धर्ममा आधारित भएकाले गौरा पर्व नेपालमा मात्र नभएर भारतका कुमाउ, हिमालय प्रदेश, कन्या कुञ्ज, गुजरात आदि क्षेत्रमा पनि मनाइन्छ। यस क्षेत्रका पहाडी जिल्लामा गौरा पर्व मौलिक रूपमा मनाइन्छ। जिल्लाअनुसार मनाइने विधि भने फरकफरक छ।

गौरा विशेषगरी भदौ महिनामा पर्छ। तर तिथिअनुसार कहिले साउन र कहिले असोजमा पनि पर्छ। गौरा कति दिनसम्म मनाइन्छ भन्ने कुरामा भने एकरुपता पाइँदैन। पञ्चमीमा बिरुणा भिजाउने, सप्तमीमा गौरा भित्र्याउने र अष्ठमीमा पूजा गर्नेमा समानता पाइन्छ तर गौरा बिर्सजन गर्ने मिति र तिथि फरकफरक हुने गर्दछ। कुनै ठाउँमा पाँच दिनसम्म, कुनै क्षेत्रमा सात या दश दिनसम्म पनि गौरा पर्व मनाइन्छ। गौरा पर्व लम्ब्याउनुका कारण देउडा लामो समयसम्म खेल्नु हो। दिनभरि काम गरी रातभरि देउडा खेल्ने गरिन्छ। गौरा पर्व महिलाहरूले मात्र मनाइने पर्व हो। गौराको सबै प्रकृया तथा विधिमा महिलाको मात्र सहभागिता रहने गर्दछ। तर, पुरूषले देउडा, धुमारीलगायतका परम्परागत खेल भने खेल्ने चलन रहेको छ।

गौरा (गो:रा) कहिलेदखि मनाउन थालिएको हो भन्ने यकिन तथ्य कतै भेटिँदैन। यो पर्व गौरी, महेश्वर र हिमालय पर्वतसँग जोडिएकाले परापूर्वकालदेखि मनाउँदै आएको हो भन्ने अनुमान गर्न सकिन्छ। धार्मिक कथाअनुसार पार्वतीले भगवान शिवलाई पति पाउँ भनी व्रत लिएको र सो व्रतपछि पार्वतीले शिवजी पति पाएको भन्ने विश्वासमा गौरीअर्थात् गौराको उपासना बसी व्रत लिन थालेको भनाइ छ। तर यो भनाइसँग गौरा मनाउने तरिका भने त्यति मेल खाँदैन किनभने गौरामा विवाहित महिलाले व्रत बस्ने चलन छ। तर, गौरा बनबाट घरभित्र अविवाहित कन्याले ल्याउने गरिन्छ। यस तथ्यलाई आधार मान्दा गौरीले विवाह हुनुभन्दा पहिले शिवजी वर पाउँ भनी व्रत लिएको र शिवजी पति पाएपछि पतिको दिर्घायुको लागि व्रत बसेको अनुमान लगाउन सकिन्छ। गौरा अविवाहित कन्याले भित्र्याउने तर पूजा र व्रत चाँहि विवाहित महिलाले मात्र बस्ने तथ्यले यसलाई पुष्टि गर्दछ। गौराको व्रत बस्ने महिलाले पतिको दीर्घायुको कामना गर्दछन्।

गौरा पर्व भाद्र शुक्ल पक्षमा पऱ्यो भने उज्याली गौरा र कृष्ण पक्षमा पऱ्यो भने अन्यारी (अध्यारी) गौरा भनिन्छ। पहिलोचोटी गौराको व्रत बस्नका लागि उज्याली गौरा उत्तम मानिन्छ। गौराको व्रत बस्नुको अर्थ पुरूषको जनैजस्तै महिलाले दुब्धागो (पबित्र शुद्ध डोरी) लगाउनु हो। सातओटा रङहरूलाई विभिन्न देवताको प्रतिकको रूपमा लिइन्छ। उदाहरणका लागि कालो रङलाई महाकाली, रातो रङलाई लक्ष्मी, सेतो रङलाई सरस्वतीको प्रतीकको रूपमा लिइन्छ। यो विवाहित महिलाका लागि अनिवार्य हुन्छ। दुब्धागो लगाएपछि लुगा फेरेर खाने (भान्सा खाने) ङ र चोखो भइन्छ भन्ने मान्यता रहेको छ। दुब्धागोमा दुबोसहित सातवटा रङका धागो हुन्छन्। विवाहित महिलाले शौभाग्यको प्रतीकको रूपमा दुब्धागो लगाउने गरेको धार्मिक पुराणमा वर्णन गरेको पाइन्छ।

गौरा भाद्र पञ्चमीको दिनबाट सुरू हुन्छ। पञ्चमीका दिन बिरूणा भिजाउने गर्दछन्, जसलाई गौरा पर्वमा शुभ सङ्केतको रूपमा लिइन्छ। बिरूणामा पाँचवटा अन्नहरू केराउ, गुराँस, मास, गहत र गहुँको मिश्रण हुन्छ। गाउँभरीका महिलाहरू पँधेरोमा जम्मा भई सगुन (भक्ति गीत) गाउँदै बिरूणा धुने गरिन्छ। बिरूणा धुनलाई उपासना बस्ने चलन छ। तर, गाउँमा जुठो परेमा (मान्छे मरेमा) बिरूणा राखिँदैन। सुत्केरी तथा महिनावारी भएको घरमा पनि बिरूणा राख्ने चलन छैन्। बिरूणालाई भगवान्को प्रसादका रूपमा लिने भएकाले चोखो भएर मात्र राख्ने चलन छ। सप्तमीको दिन गौरा पर्वको महत्वपूर्ण दिन हो। किनभने गौरा भित्र्याउने दिन हो। सप्तमीको दिन अविवाहित छोरीचेलीहरू पाखामा उम्रेको धानको बिरूवा, सावा, दुबो, तिल र कुशबाट निर्मित मानवाकृर्ती गौराअर्थात् पार्वतीको मूर्ति निङ्लाको डालोमा गौरा घरमा भित्र्याइन्छ। गौराको हात र टाउको साँवा मोडेर बनाइन्छ। बाहिरबाट रेशमी कपडाले सजाइन्छ। गौरालाई गौराघर (गोरेघर) भित्र ल्याइसकेपछि पूजा कोठमा राखिन्छ। दिउँसो १२ बजे पछि धार्मिक चलनअनुसार सप्तमीको व्रत बसेका विवाहित महिलाहरूले महादेव तथा गणेशको मूर्तिलाई थालीमा राखेर पूजा गर्दछन्। सप्तमीको प्रतीकका रूपमा सातवटा गाँठा (सात ठाउँमा बाँधेको) भएको धागोको डोरी सप्तमी धागो लगाएपछि मात्र खाना खाने चलन रहेको छ। सोही रातभरि गौरा खेल्ने ठाउँ (खलो□) मा सबै जना भेला भई रातभरि जाग्राम बस्छन। व्रतालु महिलाले विभिन्न देवीदेवताको कथावाचन, फाग तथा सगुन गाउने गर्दछन्।

गौराको दोस्रो दिनलाई अठ्वाली भनिन्छ। अष्टमीको दिन तथा अठ्वालीको समापनमा सबैले उक्त मूर्तिमा नयाँ दुब्धागो लगाउँछन। पुरानो दुब्धागो त्यही गौराको मूर्तिमा बाँधेर अन्तिम दिन गौरासँगै समापन गर्दछन्। अठ्वालीको दिन सगुन र फाग स्थानीय भाकामा गाइन्छ। अठवाली गाउनलाई एक घण्टादेखि लिएर तीन घण्टासम्म समय लाग्दछ। गौरापूजा गर्दा महादेव मूर्तिलाई पूजा सामग्रीले सजाइएको हुन्छ। सप्तमीमा भित्र्याएको गौरा अष्टमीको दिन विधिवत् रूपमा पाठपूजा गरी बाहिर ल्याइन्छ। गौरा बाहिर ल्याइसकेपछि महिलाहरूले गौरा नाच नाच्ने तथा फाग सगुन गाउँछन्। गौराको पाठपूजा गरी सकेपछि बेलुकी गौरालाई पुनः गौराघरभित्र राखिन्छ। अष्टमीको दिन पनि महिलाहरू उपासना बस्ने गर्दछ।

प्रायः जस्तो ठाउमा गौराको तेस्रो दिन बिर्सजन (सेलाउनु) गर्दछन्। गौरा सेलाउनुभन्दा अगाडि गौरामा चढाएका फलफूल तथा बिरूणा सफा चाँधरमा राखी आकासतिर फालिन्छ। स्थानीय भाषामा यसलाई फलफड्काउनु भन्ने गरिन्छ। फालिएका फल भुइँमा नखस्दै आकासबाटै समात्न सक्यो भने मनले सोचेको पूरा हने विश्वास गरिन्छ। यसकारण आकासतिर फल फालेपछि समात्नलाई मानिसको घुइँचो लाग्छ। अन्तमा गौरालाई पवित्र धार्मिकस्थलमा समापन गर्दछन्। गौरालाई एक वर्षका लागि बिदाइ गरेपछि रातभरि डेउडा खेल खेल्छन्।

गौरा समापन (सेलाएको) दिन महिलाहरूले बिरूणाले परिवार तथा आफन्तको शिरमा पूजा गरी दीर्घायुको कामना गर्दछन्। बिरूणाले पूजा गर्ने कार्य सम्पन्न भए पछि औपचारिक रूपमा गौराको व्रत समापन भएको मानिन्छ। पञ्चमीको दिन भिजाएका बिरूणा भुटेर खाने गरिन्छ। बिरूणालाई गौरा देवीको प्रसादका रूपमा लिने गरिन्छ। बिरूणालाई आफन्त तथा नातागोतालाई बाँडिन्छ। जसले एक अर्काप्रतिको रिसराँग हटाई आत्मियता बढाउँछ।

गौरा पर्वमा महिला र पुरूष दुवैका लागि महत्वपूर्ण पर्व हो। महिलाहरूले गौरा भित्र्याउने तथा पूजा गर्ने गरे पनि पुरूषहरूले पनि डेउडा, चैत (स्थानीय लयमा भगवान् तथा वीरताका गाथा गाउने तरिका), धुमारी, छलो (हात तथा खुट्टाको प्रयोग गरी युद्ध कौसल प्रदर्शन गर्ने कला) लगायतका खेलहरू खेल्छन्। कुनै ठाउमा पुरूष पुरूष बीच डेउडा खेलिन्छ भने कुनै कुनै ठाउँमा महिला तथा पुरूषको बीचमा डेउडा खेल्ने गर्दछन्। गौरा सुरू हुनुभन्दा एक महिना अगाडिदेखि नै राति डेउणा खेल्ने गरिन्छ।

गौरा पर्वलाई सरसर्ती हेर्दा सांस्कृतिक पर्वका रूपमा मात्र हेरिन्छ। तर यस पर्वले समाजिक एकतालाई मजबुत बनाउने काम गरेको छ। समाजलाई एकसूत्रमा बाँधेको छ। समाजको संरचनालाई बलियो बनाई एकसूत्रमा बाँधी सामाजिक सद्भाव कायम राखेको छ। घरपरिवार धान्नका लागि वर्षभरि भारतका विभिन्न सहरमा काम गर्न गाउँलेहरू घर फर्कन्छन्। विविाह गरेका चेलीहरू माइती आउँछन्। परिवारमा खुसी आउछ। गौरा सामूहिक रूपमा मनाउने पर्व भएकाले यसले सामाजिक सद्भावलाई पुर्नताजकी गर्दछ। देउणा, चैत तथा धुमारी जे खेले पनि यी सबै सामूहिक खेल हुन्। एकअर्कासँग अँगालो मारेर खेल्ने गरिन्छ। जसले हामी एक हौं भन्ने सन्देश दिन्छ। महिलाले खेल्ने खेल र फाग तथा सगुन पनि सामूहिक रूपमा खेलिने वा गाइने गरिन्छ। जसले सामाजिक आत्मीयता बढाउँछ। वर्षभरि तीतामीठा जे भए पनि गौरा पर्वमा सबैलाई बिर्साइदिन्छ। नयाँ ताजा सम्बन्ध जोडिदिन्छ। जसले एकताको सन्देश दिन्छ। गौराले आपसमा रहेका तिक्तालाई पनि हटाइदिन्छ।

वर्ष खान नपाउनेहरू पनि गौरामा मिठो खान्छन्। वर्षभरि फाटेका लुगा लगाउनहरू पनि एक जोर नयाँ लुगा लगाउँछन्। जसले समाजमा सबै समान भएको देखाउँछ। अर्को महत्वपूर्ण कुरा यदि गाउँमा कुनै मानिस मरेमा त्यो वर्ष गौरा ल्याइँदैन्। त्यो वर्ष सबैले दुःख साटासाट गर्दछन्। यसले गाउँलेमा भएको आत्मीयतालाई झल्काउँछ। एकको दुःख सबैको दुःख हो। दुःख र सुख सबै बराबर साटासाट गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्दछ। यसबाट के पुष्टि हुन्छ भने गौरा पर्व सामाजिक एकता तथा सद्भावको पर्व हो। यसले समाजलाई एकताको सूत्रमा बाँधेको छ। संस्कृति, भाषा चलनको संरक्षणसँगै सामाजिक सद्भाव पनि कायम राखेको छ। समग्रमा, गौरा पर्वले सामाजिक एकता, पारिवारिक मिलन तथा भाषा संस्कृतिको संरक्षणका लागि अतुलनीय योगदान पुऱ्याएको छ। रासस

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# नीलो अण्डाको रहस्य

## जसको डाक्टरहरूले गर्दैछन् अनुसन्धान



इमरान कुरैशी

जसरी कुनै घरमा परिवारका सदस्यहरू आतुर भएर बच्चा जन्मिने प्रतीक्षा गर्छन्, त्यसरी नै कर्नाटकको एउटा गाउँमा पशु चिकित्सकहरूको टोली एक विशेष कुखुरीले अण्डा दिने दिनको प्रतीक्षा गरिरहेको छ।

यो कुरा सुन्दा अचम्म लाग्छ कि डाक्टरहरू कुखुरीले अण्डा दिने पर्खाइमा छन्। तर, यो कुखुरी सामान्य होइन।



यसले आफ्नो मालिकलाई त्यतिबेला चकित बनायो जब यसले भनिएअनुसार 'नीलो अण्डा' दियो। हो, नीलो रंगको अण्डा।

निर्माण क्षेत्रमा काम गर्ने सैयद नुरले बीबीसी हिन्दीलाई भने, "दुई वर्षअघि सानो चल्ला हुँदा किनिएको हो। शनिबार यसले सामान्यजस्तै सेतो अण्डा दियो, जसरी दुई वर्षदेखि दैनिक दिँदै आएको थियो। तर सोमबार यसले नीलो अण्डा दियो।"

***के कुनै जातका चराले नीलो अण्डा दिन्छन्?***

सामान्यतया एशियाली नस्ल (असील)का कुखुरीहरूले लगातार १० दिनसम्म अण्डा दिन्छन्। त्यसपछि करिब १५ दिनसम्म अण्डा दिँदैनन्।

तर नुरको दाबी छ- "आफ्नो कुखुरीले गत दुई वर्षदेखि दिन नछाडिकन हरेक दिन अण्डा दिएको छ।"

असामान्य अण्डाको खबर छेउका बस्तीहरूमा फैलिन थालेपछि, दावणगेरे जिल्लाको चन्नागिरि गाउँपालिका-नेल्लोर गाउँस्थित नुरको घरमा मानिसहरू हेर्न भेला हुन थाले।

कर्नाटक भेतेरिनरी, एनिमल एन्ड फिसरीज युनिभर्सिटीका कुखुरीपालन विज्ञानका पूर्व-प्राध्यापक मोहम्मद नदीम फिरोज भन्छन्, "यसमा विश्वास गर्न गाह्रो छ।"

उनी अनुसार, सामान्यतया अण्डा सेतो वा खैरो हुन्छ। कडा कुखुरी (मध्य प्रदेशका जंगलमा पाइने कडकनाथ)ले कालो अण्डा दिन्छ। तर नीलो अण्डा त अझै असामान्य हो। फिरोजका अनुसार, कुखुरीहरूको चार प्रमुख समूह हुन्छन्-

- एशियाली (जस्तै भारतमा प्रख्यात असील जात)
- अङ्ग्रेजी (कर्निश)
- मध्यपूर्वेली (लेयर्स भनिने, जसले सेतो अण्डा दिन्छन्)
- अमेरिकी नस्ल

चन्नागिरि गाउँपालिकाका पशुपालन विभागका सहायक निर्देशक डा. अशोककुमार जीबी भन्छन्, "मैना लगायत करिब १०-१५ प्रजातिका चराले नीलो अण्डा दिने गर्छन्। तर भारतमा कुखुरीबाट नीलो अण्डा पाइने घटना अति दुर्लभ हो।"

***डाक्टरहरूको अनुसन्धान***

डा. अशोकका अनुसार, यो नस्लका कुखुरीहरूले वर्षमा करिब १०० देखि १२६ अण्डा दिन्छन्। उनीहरू लगातार १० दिन अण्डा दिएर १५ दिन रोकिन्छन्, अनि फेरि अण्डा दिन थाल्छन्।

"हामी यो कुखुरीलाई निगरानीमा राखिरहेका छौं। रिपोर्टसमेत विभागलाई पठाउँछौं। शरीरको कलेजोबाट 'बाइल पिग्मेन्ट' (पित्त रस) निस्कन्छ, जसलाई बिलिभर्डिन भनिन्छ। हुन सक्छ यो अत्यधिक मात्रामा निस्केर अण्डाको खोलमा जमेको हो।"

"तर यसलाई प्रमाणित गर्न बारम्बार परीक्षण गर्नुपर्छ। अण्डा हाम्रो सामुन्ने दिनुपर्छ, अनि मात्रै हामी खोल र रगतको परीक्षण गरेर कारण पत्ता लगाउन सक्छौं।"

डा. अशोक भन्छन्, "हामीले सम्बन्धित चिकित्सकलाई यो कुखुरीलाई विशेष निगरानीमा राख्न भनेका छौं। तर नीलो अण्डा फेरि नदिएसम्म पक्का भन्न सकिँदैन।"

त्यसबेलासम्म नुरले उक्त "नीलो अण्डा" फ्रिजमै सुरक्षित राखेका छन्।

*बीबीसीका लागि कलेक्टिभ न्यूज रुमद्वारा प्रकाशित*

## नयाँ स्वरूपमा 'माइतीघर'



काठमाडौँ, १५ भदौ । मुलुकभित्र निजी क्षेत्रको लगानीमा बनेको पहिलो चलचित्र 'माइतीघर' मा समावेश शीर्ष गीत 'प्राणभन्दा प्यारो माइतीघर' अहिलेको पुस्तामा पनि लोकप्रिय छ । आशा भोस्लेले स्वर दिनुभएको उक्त गीतलाई नयाँ स्वरूपमा तयार गरिएको छ ।

नाम उही, गीत उही 'माइतीघर' राखिए पनि नयाँ परिवेशमा पुरानो मर्म रहनेगरी तयार गरिएको निर्माता रोहित अधिकारीले बताउनुभयो । उहाँले निर्माण गर्नुभएको 'माइतीघर' चलचित्रमा पुरानै गीतलाई नयाँ स्वरूपमा तयार गर्नुभएको हो ।

गीतमा सञ्जिवनीले स्वर दिनुभएको जनाउँदै अधिकारीले स्वर्गीय जयदेवले सिर्जना गर्नुभएको सङ्गीत र किरण खरेलले रचना गर्नुभएको शब्दअनुसार नयाँ स्वरूपमा तयार गरिएको बताउनुभयो । उहाँका अनुसार पुरानो गीतलाई स्वरमात्र नयाँ दिएर तयार गरिएको हो । उहाँले भन्नुभयो, "पुरानो नाममै चलचित्र निर्माण गर्ने निर्णय गरेपछि कालजयी उक्त गीतलाई नयाँ स्वरूपमा ल्याउने तयारी गरेर अहिले सार्वजानिक गरेका छौँ । पुरानो गीतको मर्मलाई कायम राख्दै नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले चलचित्रमा समावेश गरेका हौँ । गीतले चलचित्रको कथालाई अगाडि बढाउँछ ।"

निर्माता अधिकारीले उक्त गीतमा श्रव्यदृश्य (भिडिओ) बनाउनेमध्येबाट उत्कृष्टलाई रु पाँच लाख पुरस्कार राशि प्रदान गरिने जानकारी दिनुभयो । यसका लागि प्रतियोगिता घोषणा गरिएको उहाँले बताउनुभयो ।

"गीतको श्रव्यदृश्यमा राम्रो नृत्य गरेर हामीलाई पठाउनेमध्ये एक जनाले चलचित्र सार्वजनिक रूपमा प्रदर्शन हुनु अगाडि प्रतियोगिताको विजेता घोषणा गरी पुरस्कार पाउनुहुनेछ । प्रतियोगितामा सहभागी हुन ४० सेकेण्डदेखि २ मिनेटसम्मको श्रव्यदृश्य तयार गरेर हामीलाई पठाउनुपर्नेछ । यसले गीतलाई नयाँ पुस्तामा पुऱ्याउनुका साथै चलचित्रको प्रचारप्रसारमा मद्दत गर्नेछ", निर्माता अधिकारीले भन्नुभयो । उक्त गीतमा अभिनेत्रीद्वय उपासना सिंह ठकुरी र श्याम श्री शेर्पाले अभिनय गर्नुभएको छ । गीतको श्रव्यदृश्यमा कविराज गहतराजले नृत्य निर्देशन, मानकृष्ण महर्जन र सुशन प्रजापतिले संयुक्त रूपमा छायाङ्कन र सुरेन्द्र पौडेलले सम्पादन गर्नुभएको छ ।

मिलन तामाङको निर्देशनमा तयार भएको उक्त चलचित्रमा केदारप्रसाद घिमिरे, धीरज मगर, प्रकाश सपुत, युवराज लामा, बुद्धि तामाङ, शिशिर वाङ्देल, रजनी गुरुङ, सन्तोष शाही, फूलकुमार बमजम, सङ्गीता थापालगायत कलाकारले अभिनय गर्नुभएको छ । चलचित्र दसैँको अवसर पारेर फूलपाती (असोज १३ गते)देखि प्रदर्शन हुने निर्माण पक्षले जनाएको छ । रासस




- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग

जनकपुरधाम, १४, मधेश प्रदेश

मो.नं.: ९८१९८३५३१४

# श्यामसुन्दर 'शशि'द्वारा लिखित 'जनकपुरधामको इतिहास'माथि परिचर्चा



दैनिक समाचारदाता

जनकपुरधाम, १५ भदौ । साहित्यकार एवं पत्रकार श्यामसुन्दर 'शशि'द्वारा लिखित कृति 'जनकपुरधामके इतिहास' माथि आयोजित पुस्तक परिचर्चा कार्यक्रममा साहित्य, इतिहास र पठन संस्कृतिबारे गम्भीर बहस भएको छ ।

मैथिली विकास कोषले पुस्तकालय दिवसको अवसरमा आयोजना गरेको उक्त कार्यक्रममा वक्ताहरूले जनकपुरधामको ऐतिहासिक, सांस्कृतिक र सामाजिक आयामलाई व्यवस्थित गर्न शशिको पुस्तकले ठूलो योगदान दिएको धारणा राखेका छन । उनीहरूले इतिहास लेखन सामान्य कार्य नभएको प्रष्ट पार्दै, लेखकले जनकपुरधामको आधुनिक विकास यात्रा, सन्त परम्परा, माइरामको शुरुवात, राजनीतिक घटनाक्रमदेखि अस्पताल, विद्यालय, नेपाल रेल्वे, उद्योग वाणिज्य संघ, जनकपुर चुरोट कारखाना जस्ता संस्थापनासम्मको विवरणलाई तथ्यपरक र विश्लेषणात्मक ढंगले प्रस्तुत गरेको बताए ।

कार्यक्रममा सहभागीहरूले वर्तमान पुस्तामा पठन प्रवृत्ति हराएको होइन तर बदलिँदो अध्ययनशैलीका कारण यसको स्वरूप मात्र रूपान्तरण भएको बताएका थिए । डिजिटल युगले नयाँ अध्ययनको बाटो खोलिदिए पनि पुस्तक पढ्ने संस्कृतिको महत्त्व अझै उत्तिकै रहेको उनीहरूको निष्कर्ष थियो । युवापुस्ताले यस परम्परालाई निरन्तरता दिनुपर्ने र जनकपुरधामले मिथिला क्षेत्रमा साहित्य-संस्कृतिको नेतृत्व लिनुपर्ने आवाज कार्यक्रमभर गुन्जिएको थियो ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राजर्षि विश्वविद्यालयका उपकुलपति अखिलेश यादव, साहित्यकार तथा राजनीतिकर्मी वृषेशचन्द्र लाल, संस्कृतिविद् डा. विजयकुमार सिंह, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साह, प्राध्यापक परमेश्वर कापडि, प्रा.डा. सुरेन्द्र लाभ, साहित्यकार-राजनीतिकर्मी शीतल झा, नाटककार रमेश रञ्जन झा लगायतका व्यक्तित्वहरूले पुस्तक र पठन संस्कृतिबारे आ-आफ्ना धारणा प्रस्तुत गरेका थिए ।

झण्डै तीन घण्टासम्म चलेको उक्त परिचर्चाले पुस्तकको महत्व मात्र होइन, जनकपुरधामको इतिहास र पठन संस्कृतिको संरक्षणबारे सामूहिक चेतना जगाउने अभियानको स्वरूप लिएको थियो । कार्यक्रमको निष्कर्षमा पुस्तक लेखन, प्रकाशन र पुस्तकालय सुदृढीकरणका लागि स्थानीय, प्रदेश र संघीय सरकारलाई जिम्मेवार बन्नुपर्ने माग प्रस्तुत गरियो ।

# मिथिलाञ्चलमा आज भदैया रैब पर्व मनाइयो

महोत्तरी, १५ भदौ । पुत्र, पति र परिवारका सदस्यहरूको आरोग्यता तथा सुख, समृद्धिको कामना गर्दै महोत्तरीसहित सम्पूर्ण मिथिलाञ्चलमा आज महिलाहरू भदैया रैब पर्व मनाइएको छ ।

मिथिला क्षेत्रका गाउँगाउँमा आज बिहानदेखि बर्तालु महिलाहरूले घरघरमा ठेकुवा ( सक्खर हालेर बनाइएको एक प्रकारको पकवान) पकाएर, केरा, मकै, काँक्रो, स्याउलगायत फलफूल, अक्षता, सुपारी र पानसहितका वस्तु लिएर रैब पर्व मनाउन सुरु गरेका छन् ।

आज बर्तालु महिलाहरु फलफूल, मीठाइ र पकवानसहितका पूजा सामग्रीसहित नजिकैको पोखरी, तलाउ वा नदीमा गई सूर्यदेवतालाई अर्घ्य चढाउँदै पर्व मनाउने जलेश्वर नगरपालिका(१ स्थित बाबा जलेश्वरनाथ महादेवका पुजारी उपेन्द्र पाठकले बताउनुभयो ।

रैब सूर्य देवताकै पूजा उपासना गरी मनाइने पर्व हो । भदौमा मनाइने भएकाले यसलाई भदैया रैब पर्व पनि भनिन्छ । पोखरी, तलाउ वा नदीमा स्नान गरी, सूर्य देवतालाई पूजा सामग्रीको अर्घ्य दिएर बर्तालुहरू आ(आफ्ना घरमा जान्छन् भने घर पुगेर आँगन वा पिँढीमा फेरि नेउज हाल्ने गर्दछन् ।

नेउज हाल्ने क्रममा बर्तालुहरू भुइँलाई पानी र गङ्गाजलले लिपेर, केराको पातमाथि सक्खर हालेर बनाइएको खीर र केरा चढाउने गर्दछन् । यस क्रममा प्रत्येक



परिवारबाट कति जनाले रैब पर्व गर्ने हो, त्यसका लागि प्रत्येक एक जनाका लागि दुईवटा नेउज (दुई स्थानमा प्रसाद चढाउने) हाल्ने गर्नुपर्छ ।पर्वमा अरुका लागि पनि अरुले नेउज (प्रसाद चढाइदिने)हाल्न सक्छन् । आफ्नो परिवारका कुनै सदस्य बाहिर रहेको वा घरमा आउन नसक्ने अवस्थामा रहेको बेला अरुको नाममा अरूले नेउज हाल्ने गर्दछन् ।

नेउज हालिसकेपछि (प्रसाद चढाइसकेपछि) बर्तालुहरूले फलफूल ग्रहण गर्न सक्छन् । आज राति उनीहरूले नुनबिनाको खानेकुरा (फलफूल, खीर, केरा, स्याउ)लगायत वस्तु नै खाएर बस्ने चलन छ ।

त्यसैगरी अब आजैदेखि मिथिलाञ्चलका प्रत्येक गाउँठाउँका प्रायःजसो महिलाले प्रत्येक आइतबार रैब पर्वका लागि दिनभरि उपवास बस्ने र बेलुका नुनबिनाको खानेकुरा खाएर छ महिनासम्म रैब पर्व मनाउनेछन् । कोहीकोहीले भने महिनाको एउटा आइतबारको दिनमात्र उपवास बसेर पनि यो पर्व मनाउने चलन रहेको जलेश्वर(८ की बर्तालु रेणुदेवीले बताउनुभयो ।

मिथिला क्षेत्रमा परम्परागत रूपमै यसपर्व सुख, समृद्धि र विशेषगरी आरोग्यताका लागि मनाउने परम्परा रहेको जलेश्वर(५ का संस्कृतिविद् ुव राय बताउनुहुन्छ । रासस




# सिरहामा करेन्ट लागेर दुईको मृत्यु, एक घाइते

दैनिक समाचारदाता

सिरहा, १५ भदौ । सिरहमा दुई छुट्टाछुट्टै घटनामा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छभने एक जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार शनिबार दुई जनाको मृत्यु भएको हो भने आज एक महिला घाइते भएकी हुन् । यहाँको सिरहा नगरपालिका-४ रमौलमा बसोबास गर्ने इद महमदका १५ वर्षीय छोरा मो अम्माद र लहान नगरपालिका-१९ कटहाका ४० वर्षीय कमकलाल सदायको शनिबार करेन्ट लागेर मृत्यु भएको हो । इनारबाट पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेपछि उहाँ गम्भीर घाइते हुनुभएका अम्मादको उपचारका क्रममा प्रादेशिक अस्पताल सिरहामा निधन भएको हो ।

सिरहा-४ रमौलमा आज सदरे आलमकी ३० वर्षीया श्रीमती अफ्रोजा खातुन पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लागेर घाइते हुनुभएको छ । हाल उहाँको प्रादेशिक अस्पताल सिरहामा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ । यस्तै, सदाय पनि आफ्नो घरमा सिटी रिक्सा 'चार्ज' गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते हुनुभएको थियो । उहाँको स्थानीय अस्पतालमा उपचारकै क्रममा निधन भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्माका अनुसार, हाल सबै घटनाबारे अनुसन्धान भइरहेको छ । विद्युत् प्रयोगमा सावधानी नअपनाउँदा यस्ता घटनाको सङ्ख्या बढ्दै गइरहेकाले सतर्कता अपनाउन उहाँले आग्रह गर्नुभएको छ ।

# मुख्यमन्त्री सिंह स्विट्जरल्याण्ड प्रस्थान

दैनिक समाचारदाता

सप्तरी १५ भदौ । मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंह शनिबार साँझ स्विट्जरल्याण्ड प्रस्थान गर्नु भएको छ ।

मुख्यमन्त्री सिंहले स्विट्जरल्याण्डमा "अन्तर-सरकारी सहकार्य र संघीय प्रणालीमा प्रतिस्पर्धात्मकता" विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी हुने मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार अबधेश झाले सञ्चारकर्मीलाई जानकारी दिनु भएको छ ।



उहाँले यस भ्रमणबाट संघीय प्रणाली अन्तर्गत अन्तर-सरकारी सहकार्य र प्रतिस्पर्धात्मकता सम्बन्धी अन्तर्राष्ट्रिय अनुभव आदान-प्रदानको साथै अध्ययन कार्यमा महत्वपूर्ण हुने बताउनु भयो ।मुख्यमन्त्री सिंह आगामी भदौ २१ गते स्वदेश फर्कनु हुने कार्यक्रम रहेको जनाइएको छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४